नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

# प्रतिलिपि अधिकार बुलेटिन
# Copyright Bulletin

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको वार्षिक प्रकाशन

जि.प्र.का. द.नं. ०४७/०६३/६४

आषाढ २०७९ July 2022

## यस भित्र


- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न
- Beijing Treaty, WCT, WPPT, Rome Convention सम्बन्धी सरोकारवालाहरुबीच अन्तरक्रिया कार्यक्रम
- संङ्गीतकार संघ नेपालको जनचेतनामूलक कार्यक्रम
- विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस
- गीतकार संघ नेपालको जनचेतनामूलक कार्यक्रम
- विश्व संङ्गीत दिवस, २०२२
- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थानान्तरण
- रचना दर्ता व्यवस्थापनको लागि सफ्टवेयर निर्माण
- रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक
- गीत संङ्गीत क्षेत्रका संस्था, स्रष्टा तथा सरोकारवालासंगको अन्तरक्रिया
- रोयल्टी संकलनसंग सम्बद्ध सरोकारवालासंगको अन्तर्क्रिया
- संङ्गीत रोयल्टी संकलन समाजको स्थापना दिवस


**सम्पादक मण्डल**
१. बिष्णुकुमारी भट्टराई, रजिष्ट्रार
२. लालबहादुर बस्नेत, शाखा अधिकृत
३. प्रमिला तामाङ्ग, कानुन अधिकृत
४. उत्तमप्रसाद दवाडी, कम्प्युटर अधिकृत
५. शोभा अधिकारी पराजुली, नायब सुब्बा

इमेल: info@nepalcopyright.gov.np

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना दिवस भव्यरुपमा मनाइएको




साहित्य, कला, ज्ञान-विज्ञानको क्षेत्रमा साधनारत श्रष्टाको प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको प्रभावकारी रुपमा संरक्षण गर्ने, सर्जक तथा आविष्कारका धनीको आर्थिक तथा नैतिक अधिकारको संरक्षण गर्ने, प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारका क्षेत्र लगायत WIPO, WTO लगायतका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरुमा जाहेर गरेका प्रतिबद्धता पूरा गर्ने उद्देश्यका साथ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६०।१२।२६ को निर्णयानुसार मिति २०६१ वैशाख ०७ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भई सञ्चालनमा रहेको । नेपालमा सर्वप्रथम प्रतिलिपि अधिकार ऐन, २०२२ सालमा जारी भई लागु भएको भएतापनि छुट्टै निकायको व्यवस्था नभएको कारण प्रभावकारीरुपमा ऐनको कार्यान्वयन हुन नसकेकोले रचना तथा आविष्कारका धनीले आफ्नो हक अधिकारको संरक्षण भएको अनुभूत गर्न नसकेको अवस्था रहेकाले प्रतिलिपि अधिकार ऐन, २०५९ लागु भए पश्चात नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भएको हो र यसले श्रष्टा तथा सर्जक, आविष्कारका धनीको प्रतिलिपि अधिकारको संरक्षण तथा प्रचलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयले प्रतिलिपि अधिकारको प्रचलन गर्ने सिलसिलामा केन्द्र लगायत जिल्लास्तरमा अन्तर्क्रिया लगायतका विविध कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेकोमा यस कार्यालयको चालु आर्थिक वर्ष २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रममा

स्थापना भएदेखि नै पहिलो पटक कार्यालयको स्थापना दिवस मनाउन बजेट विनियोजन भएको । कार्यालयको स्थापना दिवसमा विभागीय मन्त्रालयका सहसचिवहरु, प्रतिलिपि अधिकार संरक्षणको क्षेत्रमा क्रियाशील सँस्थाका प्रमुख तथा प्रतिनिधिहरु, स्रष्टा-सर्जक, नेपाली सेना तथा नेपाल प्रहरीका बैण्डहरुको साथमा रत्नपार्क (गणेशमान बाटिका) मा बिहान ८ बजे भेला भई बागबजार - पुतलीसडक -कमलादी - दरबारमार्ग - नारायणहिटी दरबारको दक्षिण गेट हुँदै कार्यालयसम्म प्रभातफेरी गर्दै नेपाली सेना र नेपाल प्रहरीका बैण्डहरुलाई धन्यवाद मन्तव्यकासाथ विदा गरे पश्चात कार्यालय भवनको सभाहलमा कार्यक्रमको मूल समारोह भएको थियो ।

कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार बिष्णुकुमारी भट्टराईज्यूले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख अतिथिकोरुपमा सँस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, नागरिक उड्यन महाशाखा प्रमुख तथा नि. सचिव श्री बुद्धिसागर लामिछाने रहनु भएको थियो । विशिष्ट अतिथिको रुपमा सँस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका प्रशासन तथा योजना महाशाखा प्रमुख डा. टोकराज पाण्डे रहनु भएको थियो । कार्यक्रमको उद्घाटन सँस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका नि. सचिव श्री बुद्धिसागर लामिछानेज्यूले गर्नु भएको । कार्यक्रमको सञ्चालन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका शाखा अधिकृत श्री लालबहादुर बस्नेतले गर्नु भएको थियो । उक्त अवसरमा कार्यालयको स्थापनाकाल देखि नै कार्यरत रहँदै आउनु भएकी कार्यालय सहयोगी श्री अस्मिता बास्तोलालाई यस कार्यालयको उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गरी सम्मान गरिएको ।

उक्त कार्यक्रमको अन्त्यमा प्रतिलिपि अधिकार संरक्षण समाजका अध्यक्ष सन्तोष शर्मा, गीतकार संघ नेपालका अध्यक्ष शुभ मुकारुङ, पूर्व रजिष्ट्रार विसुकुमार के.सी., काठमाडौं विश्व विद्यालयका संगीत विभाग प्रमुख डा. लोचन रिजाल, पुस्तक विक्रेता तथा प्रकाशक संघ नेपालका कुश ध्वजु, इन्द्रेणी सांस्कृतिक विकास केन्द्रका कृष्ण कंडेल, प्रमुख अतिथि वुद्धिसागर लामिछाने र रजिष्ट्रार विष्णुकुमारी भट्टराईद्वारा स्थापना दिवसको उपलक्ष्यमा शुभकामना मन्तव्य दिनु भएको थियो ।

**कार्यक्रममा लिइएका तस्वीरहरु:**





**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा विभिन्न प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमहरु सम्पन्न:**

## १) रसुवा




रसुवा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यलय, जिल्ला न्यायाधिवक्ताको कार्यालय, जिल्लाका विभिन्न सरकारी कार्यालयका पदाधिकारीसमेतका उपस्थितिमा "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु तथा स्रष्टाले प्राप्त गर्ने रोयल्टी सम्बन्धी कार्यक्रम" २०७८ साल मङ्सिर २६ गतेका दिन रसुवा जिल्लाको सदरमुकाम धुन्चेमा जिल्ला समन्वय समितिको हलमा सम्पन्न भएको थियो । प्रतिलिपि अधिकार सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरु, अधिकृत तथा कर्मचारीहरु, प्रतिलिपि अधिकारसँग सम्बन्धित

विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुख र प्रतिनिधिहरु, यातायात व्यवसायीहरु, पत्रकार, सञ्चारकर्मी लगायतका व्यक्तिहरुलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान र सुधारका क्षेत्रहरु आदिका बारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री विष्णुकुमारी भट्टराईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता रसुवा जिल्ला समन्वय समितिका प्रमुख कुलप्रसाद भट्टले गर्नु भएको थियो । रजिष्ट्रारद्वारा कार्यालयले सम्पादन गरिरहेको कार्यहरु र भैरहेका गतिविधिहरु माथि प्रकाश पार्दै प्रतिलिपि अधिकार संरक्षण र यसका विविध पक्षहरु विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यपत्रमाथि नेत्र प्रसाद गजुरेल (शिक्षा इकाई प्रमुख) ले टिप्पणी गर्नु भएको थियो ।

उक्त कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री कुलप्रसाद भट्टज्यूले दीप प्रज्वलन गरी कार्यक्रमको समुद्घाटन गर्नुभएको थियो । कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रमाथि सहभागीहरुबाट व्यक्त भएका विभिन्न प्रश्न, जिज्ञासा, राय र प्रतिक्रियाहरुलाई रजिष्ट्रारज्युबाट सम्बोधन गरिएको थियो ।

सहभागीहरुद्वारा देहाय अनुसारका जिज्ञासाहरु व्यक्त भएका थिए:

क) ५० वर्षपछि सर्जकको अधिकार के हुन्छ ?
ख) सामाजिक सञ्जाल फेसबुक र टिकटकमा प्रतिलिपि अधिकार सम्बन्धी कस्तो व्यवस्था गरिएको छ ?
ग) सिर्जनासँग सम्बन्धित अपराधमा उन्मुक्ति दिनेलाई के सजायको व्यवस्था हुन्छ ?
घ) आर्थिक क्षतिको कसरी यकिन गर्ने ?
ङ) ध्वनी अंकनको दुरुपयोग भए नभएको कसरी थाहा पाउने ?
च) प्रतिलिपि अधिकार सम्बन्धी विदेशीलाई क-कस्तो कानूनी व्यवस्था रहेको छ ?
छ) चलचित्रका क्लिपहरु टिकटक र युट्युवमा राखिन्छन्, यस सम्बन्धी के कस्तो कानूनी व्यवस्थाहरु छन् ?
ज) दर्ता अनिवार्य होइन भनिएको छ किन ?

## २. दाङ (घोराही)

चालु आर्थिक वर्ष २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रतिलिपि अधिकार कानुनको कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरुको क्षमता अभिवृद्धि तथा स्रष्टा-सर्जकहरुलाई आफ्नो हक अधिकारको बारेमा सचेतना जगाउने उद्देश्य अनुरुप चालु आ.व.को कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशको दाङ जिल्लाको घोराहीमा मिति २०७८ माघ ५ गतेका दिन होटल सिटी प्लाजामा एक दिवसीय प्रदेशस्तरीय कार्यक्रम सम्पन्न भएको थियो ।



गोष्ठीको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिष्णुकुमारी भट्टराईले गर्नुभएको थियो । कार्यक्रमको प्रमुख अतिथिकोरुपमा दाङ जिल्ला अदालतका माननीय न्यायाधीश श्री डिल्ली शर्मा अर्याल रहनु भएको थियो भने विशिष्ट अतिथिको रुपमा दाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रीमान् हिरालाल रेग्मी रहनु भएको थियो । कार्यक्रमको उद्घाटन माननीय जिल्ला न्यायाधीसज्यूले पानसमा बत्ती बालेर गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका शाखा अधिकृत लालबहादुर बस्नेतले गर्नु भएको थियो ।

उक्त तालिम/गोष्ठी कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यक्रमको पहिलो कार्यपत्र नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिष्णुकुमारी भट्टराईले गर्नु भएको थियो ।

प्रस्तुत कार्यपत्रहरु माथि महेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक तथा अधिवक्ता श्री कुमारराज श्रेष्ठले टिप्पणी गर्नु भएको थियो । अन्तर्क्रियाको क्रममा सहभागीहरुबाट देहाय बमोजिमका जिज्ञाशा, राय र सुझाव प्राप्त भएको:

क) प्रतिलिपि अधिकार के हो र यसबाट स्रष्टा सर्जकहरुले कसरी फाइदा लिनु पर्छ भन्ने धेरैलाई जानकारी नै नभएको ।

ख) रचना दर्ता गरेपछि के कस्तो सुविधा पाउन सकिन्छ ?

ग) प्रतिलिपि अधिकार हनन्मा कानुनी कारवाही कसरी हुन्छ ?

घ) स्थानीयस्तरमा रचना दर्ता गर्ने निकाय छ वा छैन ।

ङ) स्रष्टाको मौलिक रचनाको चोरी व्यापक रुपमा भएको ।

च) वास्तविक श्रष्टालाई समस्या पर्दा राज्यले सहयोग गर्नुपर्छ ।

माथि उठेका जिज्ञासा तथा सुझावका बिषयमा सम्बन्धित कार्यपत्र प्रस्तुतकर्ताहरुले जवाफ दिनुभएको थियो । माननीय न्यायधीश डिल्ली शर्मा अर्यालद्वारा कार्यक्रममा मन्तव्य व्यक्त गर्नु भएको थियो भने रजिष्ट्रार भट्टराईद्वारा धन्यबाद ज्ञापन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

## ३. दाङ (तुल्सीपुर)

प्रतिलिपि अधिकार कानुनको कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरुको क्षमता अभिवृद्धि तथा स्रष्टा-सर्जकहरुलाई आफ्नो हक अधिकारको बारेमा सचेतना जगाउने उद्देश्य अनुरुप लुम्बिनी प्रदेशको दाङ जिल्लाको तुल्सीपुरमा मिति २०७८ माघ ५ गतेका दिन तुल्सीपुर उपमहानगरपालिकाको सभाहलमा एक दिवसीय प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो ।



गोष्ठीको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिष्णुकुमारी भट्टराईले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख अतिथिकोरुपमा तुल्सीपुर उपमहानगरपालिकाका प्रमुख श्री घनश्याम पाण्डे रहनु भएको थियो । विशिष्ट अतिथिको रुपमा तुल्सीपुर उपमहानगरपालिकाका उपप्रमुख श्री मायाकुमारी शर्मा, प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद पौडेल, महेन्द्र संस्कृत विश्वविद्यालयका रजिष्टार श्री माधव अधिकारी रहनु भएको थियो । कार्यक्रमको उदघाटन तुल्सीपुर उपमहानगरपालिकाका प्रमुख श्री घनश्याम पाण्डेले गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका शाखा अधिकृत लालबहादुर बस्नेतले गर्नु भएको थियो ।

आमन्त्रित सहभागीहरुबीच परिचयसंगै कार्यपत्र प्रस्तुतिलाई अगाडि बढाइएको थियो । उक्त तालिम/गोष्ठी कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यक्रमको पहिलो कार्यपत्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिष्णुकुमारी भट्टराईले गर्नुभएको थियो । प्रतिलिपि अधिकार कानुन र यसका विविध पक्षहरु शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै श्री भट्टराईले कपिराइट सम्बन्धी विद्यमान व्यवस्थाहरुको बारेमा स्पष्ट पार्नु भएको थियो । कार्यक्रमको दोस्रो कार्यपत्रको रुपमा बिशिष्ट अतिथि तथा तुल्सीपुर उपमहानगरपालिकाका प्रमुख

प्रशासकीय अधिकृत श्री मोहनप्रसाद पौडेलले गर्नुभएको थियो ।

प्रस्तुत कार्यपत्रहरु माथि तुल्सीपुर उच्च बार इकाईका अध्यक्ष तथा अधिवक्ता श्री पुस्करबहादुर भण्डारीले टिप्पणी गर्नु भएको थियो ।

अन्तर्क्रियाको क्रममा सहभागीहरुबाट देहाय बमोजिमका सवालहरुको उठान भएका थिए:

क) कानुन जतिसुकै राम्रो भएता पनि यदि त्यसको सही कार्यान्वयन हुन नसकेमा कानुनको कुनै अर्थ नहुने ।

ख) प्रतिलिपि कानुन कार्यान्वयनमा संलग्न निकायहरु यसमा बेखबर बनेको ।

ग) स्रष्टा-सर्जकहरु रोयल्टी प्राप्त गर्नमा ठगिई रहेको ।

घ) प्रतिलिपि अधिकार सम्बन्धी कानुनको नियमन गर्ने निकाय स्थानीयस्तरमै आवश्यक भएको ।

ङ) विश्वविद्यालयमा शैक्षिक उपाधिको लागि पेश गरिने शोधपत्रको Plagiarism बढिरहेको हुँदा नेपालमा यसलाई रोक्न के-कस्ता उपायहरु हुन सक्छन् ?

च) महेन्द्र संस्कृत विश्वविद्यालयले प्रकाशन गरेका महत्वपूर्ण पाठ्यपुस्तकहरु बिना अनुमति प्रकाशन गरी बजारमा बेचिरहेको हुँदा यस्तो गैरकानुनी कार्यको कानुनी उपचार कसरी प्राप्त गर्न सकिन्छ ?

उल्लेखित जिज्ञासा तथा सुझावका बिषयमा सम्बन्धित कार्यपत्र प्रस्तुतकर्ताहरुले जवाफ दिनुभएको थियो । साथै उक्त कार्यक्रममा तुल्सीपुर उच्च अदालतका उपरजिष्ट्रार श्री मानबहादुर बिष्ट र तुल्सीपुर उपमहानगरपालिकाका नगर प्रमुख घनश्याम पाण्डेद्वारा आआफ्नो तर्फबाट मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा रजिष्ट्रारज्युले धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

## ४ पर्सा (विरगंज)

चालु आर्थिक वर्ष २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रतिलिपि अधिकार कानुनको कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरुको क्षमता अभिवृद्धि तथा स्रष्टा-सर्जकहरुलाई आफ्नो हक अधिकारको बारेमा सचेतना जगाउने उद्देश्य अनुरुप प्रदेश नं. २ अन्तर्गत पर्सा जिल्लाको बिरगंजमा मिति २०७८ चैत्र ०९ गतेका दिन बिरगंज महानगरपालिकाको सभाहलमा एक दिवसीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

गोष्ठीको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिष्णुकुमारी भट्टराईले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख अतिथिकोरुपमा पर्सा जिल्ला अदालतका माननीय न्यायाधीश श्री बिष्णुप्रसाद अर्याल रहनु भएको थियो । विशिष्ट अतिथिको रुपमा पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रीमान् उमेशकुमार ढकाल र बिरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री निश्चलराज पाण्डे रहनु भएको थियो । कार्यक्रमको उदघाटन माननीय जिल्ला न्यायाधीशज्यूले पानसमा बत्ती बालेर गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका शाखा अधिकृत लालबहादुर बस्नेतले गर्नु भएको थियो ।



उक्त तालिम/गोष्ठी कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यक्रमको पहिलो कार्यपत्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिष्णुकुमारी भट्टराईले प्रतिलिपि अधिकार कानुन र यसका विविध पक्षहरु शीर्षकको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने कार्यक्रमको दोस्रो कार्यपत्रको रुपमा बिशिष्ट अतिथि तथा पर्सा जिल्लाका प्रमख जिल्ला अधिकारी श्री उमेशकुमार ढकालज्यूले गर्नुभएको थियो । उक्त कार्यपत्रहरु माथि बिरगंज

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री निश्चलराज पाण्डेज्यू र पर्सा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेलज्युले टिप्पणी गर्नु भएको थियो ।

अन्तर्क्रियाको क्रममा सहभागीहरुबाट देहाय बमोजिमका सवालहरुको उठान भएका थिए:

प्रतिलिपि कानुन कार्यान्वयनसँग सम्बद्ध सरकारी निकायहरुको कमजोर कार्यान्वयन क्षमता, स्रष्टा तथा सर्जकहरु आफ्नो हक अधिकारप्रति सचेत र सजग नहुनु, नेपाल प्रतिलिपि अधिकार रजिष्टार कार्यालयलाई अर्धन्यायिक अधिकार समेत नहुँदा समस्या देखिएको आदि ।

कार्यक्रममा मन्तव्यको क्रममा साहित्यकार विक्रम साह कानु, जिल्ला समन्वय अधिकारी छविरमण भट्टराई र प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल प्रमुख अतिथि जिल्ला न्यायनधीस बिष्णुप्रसाद अर्यालज्यूले मन्तव्य व्यक्त गर्नु भएको थियो ।

## Beijing Treaty, WCT, WPPT, Rome Convention
## सम्बन्धी सरोकारवालाहरु बीचको अन्तर्क्रिया कार्यक्रम

यस कार्यालयको चालु आर्थिक वर्ष २०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार Beijing Treaty, WPPT, Rome Convention सम्बन्धी सरोकारवालाहरुसँग अर्न्तक्रिया गर्ने कार्यक्रम रहेको । उक्त सन्धि सम्झौताहरुको नेपाल पक्ष बन्ने सम्बन्धमा उक्त बिषयका विज्ञ व्यक्तित्वहरु तथा सरोकारवाला सँस्था तथा व्यक्तिहरुबीचमा विगतमा पनि अन्तर्क्रिया कार्यक्रम गरिएको तर विगतमा गरिएका छलफल तथा प्रयासहरुबाट मात्र सन्धिका बिषयमा स्पष्टता नआएको महसुस भई चालु आर्थिक वर्षमा समेत विज्ञहरु तथा सरोकारवालाहरुसँगको अन्तर्क्रिया कार्यक्रम २०७८ साल चैत्र २ गतेका दिन नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHM) को सभाहलमा गरिएको थियो ।

कार्यक्रमको अध्यक्षता सँस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, सँस्कृति महाशाखा प्रमुख डा.सुरेश सुरस श्रेष्ठले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख अतिथिकोरुपमा सँस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका श्रीमान् सचिव महेश्वर न्यौपाने रहनु भएको थियो । विशिष्ट अतिथिको रुपमा प्रा.डा.बलबहादुर मुखिया, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानका प्राचार्य, पूर्व रजिष्ट्रार तथा नेपाल सरकारका पूर्व सहसचिव विसुकुमार के.सी., नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार बिष्णुकुमारी भट्टराई रहनु भएको थियो । कार्यक्रमको उद्घाटन सँस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका श्रीमान् सचिव महेश्वर न्यौपानेले पानसमा बत्ती बालेर गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन शाखा अधिकृत लाल बहादुर बस्नेतले गर्नु भएको थियो ।

कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यक्रमको पहिलो कार्यपत्र Beijing Treaty on Audiovisual Performances (2012) शिर्षकमा नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयका पूर्व रजिष्ट्रार श्री विसुकुमार के.सी.ले कार्यपत्र प्रस्तुति गर्दै प्रतिलिपि अधिकार सम्बन्धी विश्व जगतमा भएका विविध प्रयासहरुको बारेमा चर्चा गर्दै रोम कन्भेन्सन, १९६१ ले भिडियोलाई समेट्न नसकेको, चलचित्रकर्मीहरु यसमा छुट्न पुगेको, तत्पश्चात चलचित्रकर्मीहरुले आफ्नो हक अधिकारको लागि निरन्तर प्रयास जारी राखेको धारणा व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको दोस्रो कार्यपत्रको प्रस्तुति बिशिष्ट अतिथि प्रा.डा.बलबहादुर मुखियाज्यूले गर्नु भएको । उहाँले "Rights of Performer Protected by Copyright Law या Nepal and International instruments" बिषयमा प्रस्तुति दिँदै हामीले अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्र बन्दा राष्ट्रिय कानुनसँग नबाझिने गरी गर्नु पर्छ र नेपालको सर्वोच्च अदालतले नेपालको कानुन र अन्तर्राष्ट्रिय कानुन बाझिएमा अन्तर्राष्ट्रिय कानुन लागु हुने भनी फैसला गरेको नजिरको प्रसंग उल्लेख



गर्नु भएको थियो ।

प्रस्तुत कार्यपत्रहरु माथि संङ्गित रोयल्टी संकलन समाज नेपालका अध्यक्ष श्री सुरेश अधिकारी र म्युजिक नेपालका श्री राजिव लोहनीले टिप्पणी गर्नु भएको थियो भने छलफलका लागि फ्लोर ओपन गरी सहभागीहरुको जिज्ञासा र गुनासो राख्ने समय दिइएको थियो ।

स्रष्टा तथा प्रस्तोताले अधिकार प्राप्त गर्ने सवालमा हामी अझैपनि पनि वर्न कन्भेन्सन, १८८६ कै अवस्थामा रहेको । हाम्रो कार्यान्वयनको अवस्था नै साह्रै फितलो रहेको, Beijing Treaty, WCT, WPPT, Rome convention जस्ता सन्धि, सम्झौताहरु प्रस्तोताको हक अधिकारसँग बढी सम्बन्धित भएको हुँदा यी सन्धिका प्रावधान अनुसार सबै प्रस्तोताको व्यवस्थापन नेपालले गर्न नसक्ने । अन्तर्राष्ट्रिय सन्धि सम्झौताको सवाल होस् वा अन्य राष्ट्रिय कानुनको बिषय होस् हाम्रो कार्यान्वयन क्षमता कमजोर रहेको । कानुन राजनीतिको खिचातानीमा परेको । सन्धिका बिषयमा हाम्रो तयारी नपुगेको हुँदा विज्ञको कमिटि बनाई अध्ययन, छलफल गर्नु आवश्यक रहेको । संघीय संरचना अनुसार तल्लो तहबाट कार्यान्वयन गर्नुपर्ने बिषय झन जटिल रहेको । सन्धि सम्झौताका प्रावधानलाई Functional बनाउन पहल गर्न आवश्यक रहेको । दक्षिण कोरियामा कुल जिडिपिको ११% रोयल्टीले ओगटेको अवस्था रहेकोमा नेपालमा यसको आंकडा नै नरहेको भन्ने टिप्पणीकर्ता तथा अन्य उपस्थित महानुभावहरुले जिज्ञासा तथा टिप्पणी गर्नु भएको ।

कार्यक्रमको अन्त्यमा प्रस्तोता समाज नेपालका अध्यक्ष शिव हमाल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेद्वारा कार्यक्रमको सम्बन्धमा आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो भने सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सुरेश सुरस श्रेष्ठले धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

## संङ्गीतकार संघ नेपाल र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको संयुक्त आयोजनामा प्रतिलिपि अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले स्थापना कालदेखि नै प्रतिलिपि अधिकारको विषयमा सरोकारवालाहरु तथा जनताहरुमाझ पुर्याउन विभिन्न प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने कार्य गर्दै आइरहेको छ । यसै क्रममा विगत वर्ष जस्तै सङ्गीतकार संघ नेपालको सहकार्यमा यो कार्यक्रम सञ्चालन गरिएको हो । सङ्गीतकार संघ नेपालले संङ्गीत विधाको पाटोमा उल्लेखनीय योगदान गर्ने मुर्धन्य सर्जकहरुसँग अन्तर्क्रिया गर्ने तथा सर्जकहरुमा प्रतिलिपि अधिकार सम्बन्धी विविध जानकारी दिने उद्देश्यबाट उक्त कार्यक्रम आयोजना गरेको हो । सङ्गीतकार संघ नेपाल र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको संयुक्त आयोजनामा आयोजित प्रतिलिपि अधिकार सम्बन्धी एक दिवसीय जनचेतनामूलक कार्यक्रम इटहरी-२,




आँपगाछीमा मिति २०७८/११/२८ शनिवारका दिन रमणीय स्थलमा सङ्गीत साधना प्रतिष्ठानमा सु-सम्पन्न भएको थियो । उक्त कार्यक्रमको व्यवस्थापकीय पक्षको सम्पूर्ण जिम्मेवारी तथा व्यवस्थापन संङ्गीतकार संघ नेपालले लिएको थियो भने आर्थिक व्यवस्थापन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट भएको थियो ।

उक्त कार्यक्रम सङ्गीतकार संघ नेपालको अध्यक्ष श्री पारस मुकारुङको अध्यक्षतामा, विशिष्ट अतिथिका रुपमा प्रदेश नं १ का माननीय वन वातावरण तथा भू संरक्षण मन्त्री श्री शेखरचन्द्र थापाज्युद्वारा पानसमा दिप प्रज्वलन गरी शुभारम्भ गरिएको थियो । साथै कार्यक्रममा विशेष अतिथिका रुपमा इटहरी उपमहानगरपालिकाका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, विज्ञ व्यक्तित्वहरु, सुरक्षा निकायका प्रमुख, न्यायिक निकायका अधिकारी र सर्जकहरुद्वारा मन्तव्य व्यक्त गरिएको थियो । सर्जकहरुद्वारा आफ्ना क्षेत्रका

गुनासो र समस्याहरु पोखेका थिए भने प्रमुख प्रशासकीय अधिकृत र वन वातावरण तथा भू संरक्षण मन्त्रीद्वारा सम्बन्धित गुनासा र समस्याहरुको सम्बोधन र प्रतिवद्धता व्यक्त गरिएका थिए । त्यस्तै गरी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको तर्फबाट कानुन अधिकृत प्रमिला तामाङ्गले प्रतिलिपि अधिकारको विषय, दर्ता प्रक्रिया, कानुनी उपचार लगायतका विविध विषयमा प्रस्तुति दिनुभएको थियो ।

## विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस



अन्तर्राष्ट्रियस्तरमा हरेक वर्ष April 23 का दिन World Book and Copyright Day मनाइने गरिएको तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक संघसँगको सहकार्यमा हरेक वर्ष उक्त दिनमा विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस मनाउदै आएको र मिति २०७९/०१/१० का दिन परेको उक्त दिवसमा अन्तरर्क्रियात्मक कार्यक्रम गरिएको हो । उक्त दिन UNESCO ले "Read... so you never feel alone"भन्ने विश्वव्यापी नाराका साथ सो दिवस मनाएको थियो ।

सोही कार्यक्रमको अवसर पारी लेखक तथा सर्जक लेखनाथ पोखरेलज्युको ३ वटा पुस्तकहरु फकलीको गाउँ, मारबल हाउसकी शालिनी र चिबे नकटोको विमोचन गरिएको थियो ।

उक्त कार्यक्रम नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री विष्णुकुमारी भट्टराईज्यूको अध्यक्षतामा पूर्व राजदुत तथा पूर्व कानून मन्त्री श्री निलाम्वर आचार्यज्यूबाट पानसमा दीप प्रज्वलन गरी समुद्घाटन गरिएको थियो । सो कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका पूर्व रजिष्ट्रार विसुकुमार के.सी. र नीति अनुसन्धान प्रतिष्ठानका अध्यक्ष डा. विष्णुराज उप्रेतीज्यूबाट कार्यपत्र प्रस्तुत गरिएको थियो भने सो कार्यपत्रमाथि डा. मुक्ति रिजाल ज्यूले टिप्पणी गर्नु भएको थियो ।

साथै अन्तर्क्रिया र छलफलका लागि समेत समय छुट्टाइएको र सहभागीहरुको गुनासो र सुझावहरुको पनि सम्वन्धित पक्षबाट सम्बोधन गरिएको थियो । कार्यक्रमको सञ्चालन नेपाल स्रष्टा समाजका अध्यक्ष श्री विधान आचार्यज्यूले गर्नुभएको थियो ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा हाल कार्यरत कर्मचारीहरुको विवरण:

| सि.नं. | नामथर | पद | इमेल | मोवाइल नं. |
|---|---|---|---|---|
| १ | श्री विष्णुकुमारी भट्टराई | रजिष्ट्रार | phuyal.ssmr@gmail.com | 9860312222 |
| २ | श्री उत्तमप्रसाद दवाडी | कम्प्युटर अधिकृत | updawadi@hotmail.com | 9813255490 |
| ३ | श्री लालबहादुर बस्नेत | शाखा अधिकृत | basnet.lb@gmail.com | 9841387228 |
| ४ | श्री प्रमिला तामाङ | कानून अधिकृत | tspramila74@gmail.com | 9863859144 |
| ५ | श्री डम्बरुप्रसाद खनाल | लेखापाल | sharmadi142@gmail.com | 9849052707 |
| ६ | श्री शालिकराम खतिवडा | नायव सुब्बा | shalik.khatiwada@gmail.com | 9841330967 |
| ७ | श्री रुक्मनी गुरुङ | नायव सुब्बा | grgrukmani@gmail.com | 9841306940 |
| ८ | श्री शोभा अधिकारी पराजुली | नायव सुब्बा | shova839@gmail.com | 9841762551 |
| ९ | श्री लक्ष्मण श्रेष्ठ | हलुका सवारी चालक | | 9841906597 |
| १० | श्री अस्मिता बास्तोला | कार्यालय सहयोगी | | 9849112678 |
| ११ | श्री संजिप आचार्य | कार्यालय सहयोगी | acharyasanjip235@gmail.com | 9842599860 |

## विभिन्न तालिममा सहभागिता

| सि.नं. | तालिम/सेमिनार | कर्मचारी | पद | मिति |
|---|---|---|---|---|
| १. | Intergovernmental Committee on Intellectual Property and Genetic Resource, Traditional Knowledge and Folklore -WIPO_, Geneva, Switzarland | बिष्णुकुमारी भट्टराई | रजिष्ट्रार | २८ फ्रेब्रुअरी देखि ४ मार्च २०२२ |
| २. | WIPO Virtual Meeting | लालबहादुर बस्नेत | शाखा अधिकृत | २५ जनवरी २०२२ |
| ३. | WIPO Virtual Meeting | प्रमिला तामाङ्ग<br>डम्बरुप्रसाद खनाल | कानुन अधिकृत<br>लेखापाल | २३ मार्च २०२२ |
| ४. | WIPO Virtual Meeting | लालबहादुर बस्नेत<br>प्रमिला तामाङ्ग<br>राजिव लोहनी<br>स्तुति शर्मा | शाखा अधिकृत<br>कानुन अधिकृत<br>म्युजिक नेपाल<br>म्युजिक नेपाल | २१ अप्रिल २०२२ |
| ५. | WIPO Virtual Meeting | लालबहादुर बस्नेत<br>प्रमिला तामाङ्ग<br>राजिव लोहनी<br>स्तुति शर्मा | शाखा अधिकृत<br>कानुन अधिकृत<br>म्युजिक नेपाल<br>म्युजिक नेपाल | २९ जुन २०२२ |
| ६. | सार्वजनिक खरिद सम्बन्धी तालिम | लालबहादुर बस्नेत<br>डम्बरुप्रसाद खनाल<br>शोभा अधिकारी पराजुली | शाखा अधिकृत<br>लेखापाल<br>नायब सुब्बा | २०७९ आषाढ ५ देखि ६ सम्म |
| ७. | सार्वजनिक खरिद सम्बन्धी तालिम | प्रमिला तामाङ्ग | कानुन अधिकृत | २०७९ आषाढ ६ देखि ११ सम्म |
| ८. | सार्वजनिक खरिद सम्बन्धी तालिम | उत्तमप्रसाद दवाडी<br>रुक्मनी गुरुङ | कम्प्युटर अधिकृत<br>नायब सुब्बा | २०७९ आषाढ १५ देखि १७ सम्म |

## गीतकार तथा गजलकार स्रष्टा भेला तथा गीत गजल शिविर एवं बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकार सम्बन्धी चेतनामुलक कार्यक्रम सम्पन्न




प्रदेश नं. १ अन्तर्गतका ६ जिल्लाको गीतकार तथा गजलकार स्रष्टाहरुको भेला सोलुखुम्बुको सल्लेरीमा २०७८ चैत्रको ४ र ५ गते दुई दिवसीय कार्यक्रम सम्पन्न भएको हो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आर्थिक र गीतकार संघ नेपालको व्यवस्थापकीय सहयोगमा गजल शिविर तथा बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकार सम्बन्धी चेतनामुलक कार्यक्रम समेत आयोजना गरेको थियो ।

कार्यक्रमलाई विभिन्न पाँच सत्रमा विभाजन गरिएकोमा पहिलो दिनको पहिलो सत्र समुद्घाटन तथा शुभकामना मन्तव्य, दोस्रो सत्रमा बौद्धिक सम्पत्ति तथा प्रतिलिपि अधिकार सम्बन्धी जानकारी तथा कानूनी प्रावधान बारे प्रस्तुति तथा टिप्पणी र चियापान कार्यक्रम, सत्रमा गीत गजल शिविर तथा प्रतियोगीहरुबाट गीत तथा गजल वाचन र गीतकार राजेन्द्र थापाज्युबाट गीत तथा गजल लेखन सम्बन्धी प्रशिक्षण तथा छलफल कार्यक्रम रहेको थियो । तेस्रो सत्रमा गीत तथा गजल शिविर समापन तथा स्थानीय कलाकारहरुद्वारा साङ्गीतिक कार्यक्रम सम्पन्न भएको थियो ।

दोस्रो दिन चौथो सत्रमा सहभागी ६ जिल्लाका प्रतियोगी गीत तथा गजल रचनाहरुमध्ये उत्कृष्ट प्रथम, द्वितीय र तृतीय घोषणा तथा संघका अध्यक्ष र प्रमुख अतिथिहरुबाट नगद पुरस्कार सहित प्रमाणपत्र वितरण कार्यक्रम, पाँचौ सत्रमा कार्यक्रममा सहयोग गर्नुहुने व्यक्तिहरुलाई प्रशंसा पत्र वितरण तथा समापन कार्यक्रम रहेको थियो ।

## विश्व सङ्गीत दिवस, २०२२



नेपाल साङ्गीतिक संघले काठमाडौंमा विश्व सङ्गीत दिवसको अवसर पारेर "विश्व सङ्गीत दिवस तथा राष्ट्रिय साङ्गीतिक सम्मान एवं पुरस्कार अर्पण समारोह" कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रमको आतिथ्यता सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनले गर्नु भएको थियो । कार्यक्रममा विशिष्ट योगदान पुर्याएका अमर स्रष्टाका स्मृतिमा स्थापना गरिएको पुरस्कार तथा सम्मान अन्तर्गत अमर स्रष्टा "शिवशंकर मानन्धर राष्ट्रिय सांङ्गीतिक सम्मान तथा पुरस्कार (रु.२५०००)" बाट वरिष्ठ कला साधक मुरलीधरलाई सम्मानित गरिएको थियो । अमर स्रष्टा "पुष्प नेपाली राष्ट्रिय सांगीतिक युवा सम्मान तथा पुरस्कार (रु. २५०००)" बाट वरिष्ठ कला साधक कुमार बस्नेतलाई सम्मानित गरिएको थियो । "फत्तेमान राज भण्डारी राष्ट्रिय सांगीतिक युवा सम्मान तथा पुरस्कार (रु.२५०००)" बाट लोकप्रिय पप गायक धिरज राईलाई सम्मानित गरिएको थियो ।

त्यस्तै लोकप्रिय निर्देशक तथा कलाकार विकास घले गुरुङले आफ्नो आमा तथा बुबाको नाममा स्थापना गरेको "लाल समुन्द्र बहुप्रतिभाशाली सांगीतिक सम्मान तथा पुरस्कार (रु.२५०००)" बाट मह जोडीलाई सम्मानित गरिएको थियो भने "नेपाल सांगीतिक संघ राष्ट्रिय सम्मान तथा पुरस्कार (रु.२५०००)" बाट वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापालाई र "नेपाल सांगीतिक संघ राष्ट्रिय कला पत्रकारिता सम्मान तथा पुरस्कार (रु.२५०००)" बाट वरिष्ठ पत्रकार शान्तिप्रियलाई सम्मानित गरिएको थियो ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थानान्तरण



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय साविकको शान्तिनगरबाट नारायणहिटी परिसरमा स्थानान्तरण गरिएको छ । नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७८/१०/०२ को निर्णयानुसार साविकको कन्सुलर विभाग र राहदानी विभागले प्रयोग गरेको भवनको भुइतल्लाको पश्चिम तर्फ स्थानमा स्थानान्तरण भई मिति २०७८/१०/२६ देखि नारायणहिटीबाट कार्यालय संचालन गरिएको ।

कार्यालय सञ्चालनको लागि स्थापना कालदेखि नै आफ्नै स्वामित्वको कार्यालय भवन नभएको तथा भाडाको घरमा सञ्चालन भैरहेको साथै साविकको कार्यालय सेवाग्राहीको सहज पहुँचको हिसावले अपायक स्थानमा रहेकाले कार्यालय स्थानान्तरण गरिएको हो ।

## रचना दर्ता व्यवस्थापनको लागि सफ्टवेयर निर्माण



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको मुख्य कार्यको रुपमा रहेको रचना दर्ता प्रक्रियालाई विद्युतीय माध्यमबाट अनलाईन रजिष्ट्रेशन तथा हालसम्म दर्ता भएका रचनाहरुलाई डिजिटाइजेसन गरी सफ्टवयेरमा रेकर्ड गर्नको लागि सफ्टवेयर निर्माण गरिएको हो । रचना दर्ताका सम्बन्धित स्रष्टा सर्जकहरु कार्यालयमा नै उपस्थित भई आफ्ना रचना दर्ता गराउने र सो रचना दर्ता सम्बन्धी अभिलेख यस कार्यालयमा हस्तलिखित रुपमा राख्ने गरिएकोमा उक्त कार्यलाई सहज, सरल, समयानुकूल र सम्बन्धित स्रष्टा सर्जकको सहज पहुँचमा पुर्याउने र रचना दर्ता

सम्बन्धी कार्यलाई छिटो छरितो प्रविधिमैत्री बनाउने उद्देश्यले यस कार्यालयको चालु आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रचना दर्ता व्यवस्थापन सम्बन्धी सफ्टवेयर निर्माण तथा सञ्चालन शिर्षकमा रु.२०,००,००० वजेट विनियोजन भए अनुसार सफ्टवेयरको निर्माण गरिएको हो । यस कार्यबाट नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रदान गर्ने सेवा प्रणालीमा ठूलै फड्को मार्ने भएको छ ।



## रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक

कला, साहित्य एवं संगीत उद्योगलाई स्थापित गर्ने स्रष्टा कलाकार,उत्पादक एवं लेखकको हक अधिकार एवं गौरवलाई प्रवर्द्धन गर्न सिर्जित (कला, संगीत, चलचित्र, लेख) लगायतको सार्वजनिक प्रयोगबाट प्राप्त रोयल्टी उपलव्ध गराउने सम्बन्धमा व्यवस्थापिका संसद विकास समितिको निर्णयानुसार सूचना तथा संचार मन्त्रालयबाट गठित समितिबाट पेश भएको प्रतिवेदनमा औंल्याइएका सुझावहरु कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७२/९/१४ को सचिव स्तरीय निर्णयबाट गठन भएको रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक आर्थिक वर्ष २०७८/७९ मा फरक फरक समयमा गरी २ पटक सम्पन्न भई महत्वपूर्ण निर्णयहरु गरिएको छ ।

### मिति २०७९/०२/१६ को बैठकमा भएका निर्णयहरू:

**निर्णय नं.१)** रोयल्टी संकलनलाई व्यवस्थित र नियमित नबनाई स्रष्टा सर्जकले आफ्नो सिर्जनाको मूल्य प्राप्त गर्न कठिन हुने भएकोले संङ्गीत रोयल्टी संकलनलाई अन्तर्राष्ट्रिय च्यानलमा आवद्ध गर्ने सम्बन्धमा गृहकार्यमा जुटिरहेको र यसको लागि बृहत सफ्टवेयर निर्माण गर्नु पर्ने तथा ठूलो रकम आवश्यक पर्ने भएकाले सोको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा बजेट माग गर्ने र उक्त कार्यको लागि ३ ओटै CMOs ले प्रस्ताव तयार गरी पेश गर्ने ।

**निर्णय नं.२)** नेपालमा सञ्चालन हुने सवारी साधनहरुमा बज्ने बजाउने गीत र संगीतबाट वर्षेनी करोडौं रकम रोयल्टी उठ्न सक्ने अवस्था विद्यमानता भए पनि हालसम्म उक्त रोयल्टी उठाउने सम्बन्धमा ठोस उपलब्धी हुन नसकेको र रोयल्टी तिर्नु बुझाउनु पर्छ भन्ने संस्कार तथा प्रभावकारी नियमन गर्न नसकिएको सन्दर्भमा सवारी साधनको धनीले रोयल्टी तिरे नतिरेको चेकजाँच तथा नियमन ट्राफिक प्रहरीबाट गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत गृह मन्त्रालयमा लेखी पठाउने ।

**निर्णय नं.३)** रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक प्रत्येक ३/३ महिनामा बस्ने निर्णय गरियो ।

## गीत सङ्गीत क्षेत्रका संस्था, स्रष्टा तथा सरोकारवाला व्यक्तिहरुसंगको एक दिवसीय अन्तर्क्रिया कार्यक्रम

मिति २०७९ साल आषाढ १७ गते शुक्रबारका दिन नेपाल स्रष्टा समाजको सहकार्यमा नारायणहिटी दरबारस्थित नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय रहेको भवनको सभाहलमा एक दिवसीय रुपमा सम्पन्न भएको थियो । कार्यक्रमको माध्यमबाट गीत, संङ्गीत, साहित्य, कला लगायत विभिन्न विधागत क्षेत्रका संघ-सँस्था तथा व्यक्तिहरु एउटै मञ्चमा भेला भई सहकार्य, सहयोग, समन्वय, समस्या तथा समाधानका बिषयहरुमा अन्तर्क्रियात्मक ढङ्गले विचार सम्प्रेषण तथा आदान प्रदान गर्ने उद्देश्यले कार्यक्रम संचालन गरिएको हो ।




अन्तर्क्रिया कार्यक्रमको अध्यक्षता नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार श्री बिष्णुकुमारी भट्टराईज्यूले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख अतिथिकोरुपमा कवि तथा वरिष्ठ सँस्कृतिविद् तुलसी दिवस रहनु भएका थियो । अतिथिको रुपमा प्रा.डा. बलबहादुर मुखिया, नेपाल स्रष्टा समाजका अध्यक्ष श्री विधान आचार्य, नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य सचिव सूर्यप्रसाद ढुंगेल, संगीत रोयल्टी संकलन समाजका अध्यक्ष श्री सुरेशचन्द्र अधिकारी, संङ्गीत तथा चलचित्र उत्पादक समाजका अध्यक्ष श्री निर्मल ढकाल,

प्रस्तोता समाजका अध्यक्ष श्री शिव हमाल, नेपाल साङ्गीतिक सङ्घका अध्यक्ष श्री मिलन मोक्तान, पूर्व रजिष्टार तथा नेपाल सरकारका पूर्व सहसचिव विसुकुमार के.सी., पूर्व सहसचिव तथा स्रष्टा प्रतीक ढकाल, नेपाल स्रष्टा समाजका संरक्षक तथा सल्लाहकार श्री पवन आलोक, नेपाल स्रष्टा समाजका उपाध्यक्ष श्रीओम श्रेष्ठ रोदन रहनु भएको ।

कार्यक्रमको उदघाटन कवि तथा वरिष्ठ सँस्कृतिविद् तुलसी दिवसले पानसमा बत्ती बालेर गर्नुभएको थियो । आयोजकको तर्फबाट कार्यक्रममा उपस्थित अतिथि लगायत सम्पूर्ण सहभागीहरुलाई नेपाल स्रष्टा समाजका उपाध्यक्ष श्रीओम श्रेष्ठ रोदनले स्वागत गर्नु भएको थियो भने कार्यक्रमको संचालन प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका शाखा अधिकृत श्री लालबहादुर बस्नेतले गर्नुभएको थियो ।

उक्त अन्तर्क्रिया कार्यक्रममा दुईवटा कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यक्रमको पहिलो कार्यपत्र “प्रतिलिपि अधिकार, सर्जकका दृष्टिबाट नियाल्दा” शिर्षकमा नेपाल स्रष्टा समाजका अध्यक्ष श्री विधान आचार्यले प्रस्तुत गर्नु भएको थियो। नेपालमा स्रष्टा सर्जकको सृजनाहरु चोरी हुने क्रम बढिरहेको हुँदा स्रष्टा सर्जकहरु सचेत हुनु पर्ने आवश्यकता रहेको । हामीले सृजना गरेका रचनाहरुले धेरै कमाउँछ भन्ने हामीले सोचेकै छैनौं । हामीहरुमा कानुनको ज्ञानको कमी रहेको । प्रतिलिपि अधिकार केन्द्र तथा शहरी क्षेत्रमा मात्रै होइन गाउँ-गाउँसम्म पुग्न जरुरी भएको । सर्जकहरुलाई काम सँगै नाम र दाम पनि आवश्यक भएको । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयमा प्रतिलिपि उल्लंघन गर्ने उपर कारवाही गर्ने छापा मार्न सक्ने संयन्त्रको आवश्यकतामा जोड दिनु भएको थियो । कपिराईट प्रहरी हुनु पर्ने विचार औल्याउदै यस क्षेत्रमा राज्यको हस्तक्षेपकारी भूमिका हुनुपर्ने धारणा राख्नु भएको थियो । हाम्रो प्रतिलिपि ऐन, २०५९ मा रजिष्ट्रारको अधिकारलाई विविध अन्तर्गत राखी कम प्राथमिकतामा राखेको संकेत गरिएको, ऐनले परिमार्जन खोजिरहेको, प्रतिलिपि अधिकार सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्न प्रादेशिक तथा स्थानीय तहमा संरचना राख्नुपर्ने र सोको क्षमता वृद्धि गर्नुपर्ने आवश्यकता रहेको विचार व्यक्त गर्नु भयो ।

कार्यक्रमको दोस्रो कार्यपत्रको प्रस्तुति पूर्व रजिष्टार तथा नेपाल सरकारका पूर्व सहसचिव विसुकुमार के.सी. ले गर्नु भएको थियो। हामीले कुनैपनि ज्ञान कि पढेर पाइने कि परेर पाइने अरुको रचना होइन भने त्यसलाई मौलिक भन्न सकिने, कुनैपनि रचना हामीले सृजना गर्ने बित्तिकै हामीलाई प्रतिलिपि अधिकार प्राप्त हुने, प्रतिलिपि अधिकार प्राप्त गर्न कुनै पनि रचना राम्रो नराम्रो भन्ने नहुने सबैले समानरुपमा अधिकार प्राप्त गर्न सक्ने, कुनै पनि रचना tangible फर्ममा हुनु पर्ने र लोक गीतले प्रतिलिपि अधिकार पाउने कुरामा विवाद रहिरहेको जानकारी दिनुभयो ।

प्रस्तुत कार्यपत्रहरु माथि नेपाल सरकारका पूर्व सहसचिव तथा स्रष्टा श्री प्रतीक ढकाल र सँस्कृतिविद् श्री अशेष मल्ल ज्युले टिप्पणी गर्नु भएको । छलफल तथा अन्तर्क्रियाको क्रममा




वरिष्ठ लोक गायक बद्री पंगेनी, गीतकार संघ नेपालका सचिव महेश आचार्य, सुनिल लामिछाने, प्रेम थापा, त्रिभुवन चन्द्र वाग्ले, आर.सि. गौतम, संगीतकार वसन्त सापकोटा, भुवन शिवाकोटी र राम प्रसाद रिमालले आफ्नो तर्फबाट जिज्ञासा र सुझाव राख्नु भएको थियो ।

त्यस्तै गरी प्रा. डा. प्रभा भट्टराई, पवन आलोक, विष्णु कुमारी भट्टराई र प्रमुख अतिथि तुलसी दिवसद्वारा कार्यक्रमको सम्बन्धमा मन्तव्य व्यक्त गर्नु भएको थियो। तुलसी दिवस ज्युले मन्तव्यका क्रममा हाम्रो कुरा कुरामा मात्रै अथवा बहसमा मात्रै नभएर कार्यान्वयनमा जानु आवश्यक रहेको, सम्पूर्ण तह तप्कामा अधिकार उपलब्ध गराउनु पर्ने, यस क्षेत्रका स्रष्टा तथा व्यक्तित्वहरु निष्क्रिय होइन क्रियाशील हुनु पर्ने, प्रतिलिपि अधिकार सम्बन्धी प्रभावकारीरुपमा चेतना अभिवृद्धि गर्न विद्यालय, क्याम्पसमा पढाई हुन आवश्यक हुने, व्यक्तिले गाएको गीत लोकगीत नहुने, लोकगीतको स्रष्टा हुन्छ तर अज्ञात हुने, संकलन गर्दा सर्जकको नाम टिप्न भुल्नु नहुने, लोकगीतको समस्या समाधान गर्नुपर्ने, लोकगीतको लेखक हुदैन संकलक मात्रै हुने, हामीले पटक पटक एउटै समस्या देखाएर काम हुदैन भन्ने धारणा व्यक्त गर्नु भएको थियो ।

## रोयल्टी संकलनसंग सम्बद्ध सरोकारवाला मन्त्रालय/निकाय तथा संघ संस्थासँगको एक दिवसीय अन्तर्क्रिया कार्यक्रम



आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्यक्रम अन्तर्गतकै शिर्षकमा साझा एजेन्डा, सहमति र प्रतिवद्दताका लागि प्रयास, सिर्जनाको प्रयोग गरे वापत स्रष्टाको सम्मान, रोयल्टीको संकलन, व्यवस्थापन र वितरण सम्बन्धी सार्वजनिक रुपमा छलफल गर्ने उद्देश्यले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा मिति २०७९/०३/२४ का दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सभाहलमा एक दिवसीय अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

अनौपचारिक रुपमा सञ्चालन गरिएको उक्त अन्तर्क्रियात्मक कार्यक्रमको शुरुवात संङ्गीत रोयल्टी संकलन समाज नेपाल (MRCSN) का महासचिव वद्री पाण्डेको कार्यपत्र प्रस्तुति मार्फत भएको थियो । नर्वेमा उठेको रोयल्टीको उदाहरण दिदै सोही अनुसार नेपालमा पनि रोयल्टी उठ्ने हो भने वार्षिक ६६ अर्व उठ्नु पर्ने धारणा व्यक्त गर्दै रोयल्टी संकलन सम्बन्धी विस्तृत रुपमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यपत्रमा हालसम्म रोयल्टी संकलन समाज नेपालबाट भएको रोयल्टी संकलन र वितरणका तथ्यांकहरु समेत सार्वजनिक गरिएको थियो ।

दोस्रो कार्यपत्रको रुपमा राजिव लोहनीले "Impact of Royalty on National Economy" शिर्षकमा आफ्नो प्रस्तुति दिनु भएको थियो । नेपालमा रोयल्टीको GDP मा योगदानको विषयलाई छलफलको विषय बनाउनु पर्ने तर रोयल्टीबारे कुनै अध्ययन नै नभएको धारणा व्यक्त गर्नु हुँदै भुटानले रोयल्टीको क्षेत्रमा उत्साहजनक उपलव्धी हासिल गरिरहेको उदाहरण प्रस्तुत गर्नु भएको थियो ।

सो कार्यक्रममा नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष विजय स्वाँर, महासचिव सरोज सिटौला, HAAN का अध्यक्ष सृजना राणा, MRCSN का अध्यक्ष सुरेशचन्द्र अधिकारी, संगीत तथा चलचित्र उत्पादक समाजका निर्मल ढकाल, राजकुमार सुवाल, नेपाल टेलिभिजनका टंक उप्रेती, चुडामणि देवकोटा, कृष्ण आचार्य, यातायात कार्यलयका मदन पोखरेल, CAAN का महासचिव नारायणबहादुर थापा, प्रतिलिपि अधिकार संरक्षण समाजका अध्यक्ष सन्तोष शर्मा, पूर्व मन्त्री तथा गीतकार एस.पि. कोइराला, पूर्व रजिष्ट्रार विसु कुमार के.सी., संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपाने र सहसचिव बुद्धिसागर लामिछाने लगायतका अतिथिहरुबाट कार्यक्रमको विषयमा धारणा राख्नु भएको थियो । सो कार्यक्रमबाट रोयल्टी सम्वद्ध सरोकारवालाहरु तथा मन्त्रालयकावीच आपसी समन्वय, सहयोग र सहकार्यको प्रतिवद्धता र साझेदारी गर्ने महत्वपूर्ण अवसर मिलेको थियो ।

## संङ्गीत रोयल्टी संकलन समाज नेपालले १६ औं स्थापना दिवस मनायो

संगीत रोयल्टी संकलन समाज नेपालले "१६ औं स्थापना दिवसको अवसरमा स्रष्टा सम्मान एवं रोयल्टी वितरण कार्यक्रम-२०७९" काठमाडौंमा मिति २०७९/०२/२५ का दिन सम्पन्न गरेको छ । उक्त कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष सुरेशचन्द्र अधिकारीले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आले रहनु भएको थियो । सो अवसरमा संस्था स्थापना गर्न महत्वपूर्ण योगदान गरेका अग्रज संस्थापक सदस्यहरुलाई सम्मान गर्दै विभिन्न क्षेत्रबाट संकलित रोयल्टी सम्बन्धित स्रष्टाहरुलाई वितरण गरिएको थियो ।



## आ.व. ०७३/०७४ देखि आ.व.०७७/०७८ सम्म संकलित रोयल्टी रकमको विवरणः

| सि.नं. | क्षेत्र | रोयल्टी (रुपैया) |
|---|---|---|
| १. | RBT | १,३७,८६,४२८/- |
| २. | यातायात | ४,०८,०४,२६५/- |
| ३. | एफ.एम. /रेडियो | १७,४३,४७८.४५/- |
| ४. | टेलिभिजन | २७,६५,१००.२३/- |
| ५. | सार्वजनिक हलहरु | १,५०,१६६/- |
| ६. | होटेल/रेष्टुरेण्ट | २,६९,२००/- |
| ७. | कन्सर्ट | १,०२,३९५/- |
| ८. | रियालिटी शो (भ्वाइस अफ नेपाल) | ३,००,०००/- |
| | जम्मा | ५,९९,२१,०३२.६८/- |

स्रोतः रोयल्टी संकलन समाज नेपाल

उपरोक्तानुसार संकलित रोयल्टी रकम मध्ये संगीत रोयल्टी संकलन समाजको स्थापना दिवसको अवसर पारेर मिति २०७९ जेठ २५ गतेका दिन रु.३,९३,१९,५२४।४५ रोयल्टी सम्बन्धित स्रष्टा-सर्जकहरुलाई वितरण गरिएको ।

## आ.व. २०७८/७९ मा रचना दर्ता सम्बन्धी विज्ञ सम्मिलित बैठक

| सि.नं. | बैठकको मिति | रचनासँग सम्बन्धित निर्णय सँख्या |
|---|---|---|
| १. | २०७८/०४/१७ | २ |
| २. | २०७८/०५/२९ | ६ |
| ३. | २०७८/०८/०५ | ५ |
| ४. | २०७८/०९/१९ | ७ |
| ५. | २०७८/१०/२४ | २ |
| ६. | २०७८/१२/१४ | ५ |
| ७. | २०७९/०१/१४ | १ |
| ८. | २०७९/०३/०२ | ४ |


## आर्थिक वर्ष २०७८/७९ मा यस कार्यालयमा परेका उजूरीहरुको विवरण

| सि.नं. | उजूरीको मिति | उजूरीकर्ताको नाम | उजूरीको बिषय |
|---|---|---|---|
| १. | २०७८/०९/२५ | शिव अधिकारी | रचना चोरी भएको |
| २. | २०७८/१०/२० | शिशिर योगी | करारनामा भंग गर्ने सम्बन्धी |
| ३. | २०७९/०३/०१ | रामजीप्रसाद पन्त | आवश्यक कारवाही गर्ने सम्बन्धी |
| ४. | २०७९/०३/०२ | रेन्छिन योञ्जन | प्रतिलिपि अधिकार उल्लंघन गरेकोमा आवश्यक कारवाही गर्ने सम्बन्धी |
| ५. | २०७९/०३/२० | हरेराम कार्की | प्रतिलिपि अधिकार उल्लघंनको कारवाही सम्बन्धी |

## आ.ब. २०७७।७८ को आषाढ मसान्तसम्म विभिन्न विधामा दर्ता भएका प्रतिलिपि अधिकारजन्य रचनाहरूको विवरण:

| आ.व. | साहित्य लेखन | म्यागजिन प्रकाशन | अनुवाद रचना | आर्ट/ पेन्टिङ्ग | ध्वनि अंकन | आर्किटेक्ट नमूना | काष्ठकला, धातुकला, मूर्तिकला, डिजिटल आर्ट | कम्प्युटर सफ्टवेयर | प्रस्तुति रचना | फोटोजन्य रचना | शोधपत्र | चलचित्र वृत्तचित्र | वैज्ञानिक लेख रचना | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०६१/६२ | ४७ | १ | ४ | २७ | १९ | २ | - | २ | १ | - | - | - | - | १०३ |
| ०६२/६३ | १६६ | - | १ | ३ | १० | - | - | ३ | १ | १३ | ३ | - | - | २०० |
| ०६३/६४ | १०७ | १ | - | २ | ८ | - | ३ | ८ | १ | १७ | - | १ | - | १४८ |
| ०६४/६५ | ८६ | - | - | २४ | २ | - | - | १ | १ | - | - | १ | - | ११५ |
| ०६५/६६ | ९३ | - | - | १६ | - | - | - | - | - | - | - | २ | - | १११ |
| ०६६/६७ | ७१ | - | - | - | ७ | - | - | - | - | द्द | - | - | - | ८० |
| ०६७/६८ | ५६ | - | - | - | १ | - | - | - | - | - | - | २ | - | ५९ |
| ०६८/६९ | ५५ | - | - | - | ३ | - | १ | १ | - | २ | - | १ | - | ६३ |
| ०६९/७० | ९६ | १ | ० | २ | २ | - | १११ | १ | - | - | - | - | - | २१३ |
| ०७०/७१ | ५२ | - | - | - | ४ | - | - | ६ | - | १२ | - | - | - | ७७ |
| ०७१/७२ | १०३ | - | - | - | ३ | - | - | १ | - | - | - | - | - | १०७ |
| ०७२/७३ | १२२ | - | - | - | ७ | ४१ | - | ४ | - | १ | १ | १ | - | १७७ |
| ०७३/७४ | ८८ | - | - | ११ | १२ | ३ | ३ | १ | - | १ | १ | - | - | १२० |
| ०७४/७५ | ४४ | - | - | १ | ७ | - | ३ | ३ | - | - | ० | - | - | ५८ |
| ०७५/७६ | १२७ | - | - | ५ | १२ | १ | ४० | ४ | १ | १ | १ | २ | २ | १९६ |
| ०७६/७७ | १०५ | - | - | - | ४७ | - | - | २ | - | - | - | - | १० | १६४ |
| ०७७/७८ | ८४ | - | - | - | १ | - | - | ७ | १ | १ | - | - | - | ९४ |
| ०७८/७९ | १९४ | ० | ० | १ | १३ | ० | ३ | ७ | ० | ० | ० | ० | ३ | २२१ |
| जम्मा | १६९६ | ३ | ५ | ९२ | १५८ | ४७ | १६४ | ५१ | ६ | ५० | ६ | १० | १८ | २३०६ |

### United States Patent Trademark Organization को Team सँग भेटघाट




नेपालको प्रतिलिपि अधिकारलाई सँस्थागत र मजबूत बनाउन गरिनुपर्ने सुधारहरु मध्ये Technical Assistance को माध्यमबाट के कसरी सहयोग पुर्याउन सकिन्छ भन्ने सम्बन्धमा United States Patent Trademark Organization का Coordinator र शिल्पी झा सहितको Team सँग नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको Team र प्रतिलिपि अधिकार संरक्षण समाजका अध्यक्ष सन्तोष शर्माबीच छलफल भएको ।

### नारी स्रष्टासंगे अन्तर्क्रियात्मक कार्यक्रम गरिदै

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले वार्षिक कार्यक्रम अनुरुप "नारी स्रष्टा (साहित्यकार, गीतकार र गीत संङ्गीत क्षेत्रमा संलग्न महिलाहरु) सँगको अन्तर्क्रियात्मक गोष्ठी" शिर्षकको कार्यक्रम यही मिति २०७९/०३/३० गते नारी स्रष्टा समाजसँगको सहकार्यमा आयोजना गर्ने तयारी गरेको छ ।

### उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिएको




नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापनाकाल देखि नै कार्यरत रहँदै आउनु भएकी कार्यालय सहयोगी पदमा कार्यरत श्री अस्मिता बास्तोलालाई उत्कृष्ट कर्मचारीको रुपमा कार्यालयको स्थापना दिवसको अवसरमा पुरस्कृत गरिएको । पुरस्कारको रकम नगद रु.५,०००।- र प्रमाण-पत्र समारोहका प्रमुख अतिथि सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा निमित्त सचिव श्री बुद्धिसागर लामिछानेज्यूले प्रदान गर्नु भएको थियो ।

# सम्पादकीय

साहित्य, कला, ज्ञान-विज्ञानको क्षेत्रमा साधनारत स्रष्टाको प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारको प्रभावकारी रुपमा संरक्षण गर्ने, सर्जक तथा आविष्कारका धनीको आर्थिक तथा नैतिक अधिकारको संरक्षण गर्ने, प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारका क्षेत्र लगायत WIPO, WTO लगायतका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरुमा जाहेर गरेका प्रतिबद्धता पूरा गर्ने उद्देश्यका साथ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६०।१२।२६ को निर्णयानुसार मिति २०६१ वैशाख ०७ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भई सञ्चालनमा रहेको छ ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको मुख्य भूमिका प्रतिलिपि अधिकारको संरक्षण र प्रचलन गर्ने र गराउने रहेको छ । यस कार्यालयको काम स्रष्टा सर्जकको रचनाको अभिलेखीकरण गर्ने र स्रष्टा सर्जकको सृजनाको सम्मान तथा रोयल्टी व्यवस्थापन सम्बन्धी कार्यको नियमन गर्नु हो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रवर्द्धनात्मक क्रियाकलापहरु जस्तैः विधागत, जिल्लागत, विषयगत अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्ने, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना दिवस, पुस्तक दिवस तथा प्रतिलिपि अधिकार दिवस, विश्व बौद्धिक सम्पत्ति दिवस, विश्व संङ्गीत दिवस लगायतका दिवसहरु मनाउने कार्यक्रमहरुको आयोजना गरी सम्बन्धित क्षेत्रका विज्ञ, स्रष्टा तथा सरोकारवालाहरुसँग छलफल, बहस र अन्तर्क्रिया गरी प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनको बारेमा सचेतना गराउदै आइरहेको छ । बुलेटिन, ब्रोसर तथा ऐन, नियम, अन्तर्राष्ट्रिय सन्धि सम्झौताका दस्तावेजहरुको प्रकाशन गरी वितरण समेत गरिदै आएको छ ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई विवादको सम्बन्धमा सुनुवाई गर्ने न्यायिक तथा अर्धन्यायिक अधिकार नभएता पनि विवादका दुवै पक्ष झिकाई मिलापत्र गराउने कार्य समेत गरिरहेको छ । नेपालको प्रतिलिपि अधिकार ऐनले विद्यमान समस्यालाई सम्बोधन गर्न नसकेको । स्रष्टा सर्जकहरु नै प्रतिलिपि अधिकार सम्बन्धी कानुनको बारेमा जानकार नभएको । नेपालमा स्रष्टा सर्जकको सृजनाहरु चोरी हुने क्रम बढिरहेको । प्रतिलिपि अधिकार केन्द्र तथा शहरी क्षेत्रमा मात्र होइन गाउँ-गाउँ सम्म पुग्न जरुरी भएको । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा प्रतिलिपि अधिकार उल्लंघन गर्ने उपर कारवाही गर्ने छापा मार्न सक्ने संयन्त्रको आवश्यकता भएको । Copyright Police को आवश्यकता रहेको । नेपालको गीत संगीतको क्षेत्रको अग्रभागमा रहेको लोकगीतलाई प्रतिलिपि अधिकार संरक्षणको दायरामा ल्याउनको लागि कानुनी जटिलता देखिएको । स्रष्टा सर्जकको हकहितको रक्षाको लागि सरकार Proactive रुपमा लाग्नु पर्ने र राज्यको हस्तक्षेपकारी भूमिका हुनुपर्ने । प्रतिलिपि अधिकार ऐन यथासक्य छिटो संशोधन तथ पुनर्लेखन गरी रजिष्ट्रारलाई अधिकार सम्पन्न बनाउनु आजको आवश्यकता हो भने प्रतिलिपि अधिकार सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्न प्रादेशिक तथा स्थानीय तहमा संरचना राख्नु पर्ने तथा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्नु अपरिहार्य रहेको जस्ता समस्या तथा चुनौतिहरु विद्यमान रहेको ।

नेपाल बर्न कन्भेन्सन, १८८६ को पक्ष राष्ट्र भइसकेको । नेपाल विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को सदस्य राष्ट्र भइसकेको । रोम कन्भेन्सन, 1961, WIPO Copyright Treaty -WCT, WPPT, Beijing Treaty, 2012 को पक्ष राष्ट्र बन्ने सम्बन्धमा आवश्यक छलफल, वहस, पैरवी भइरहेको, प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ आकारमा सानो कानुन भएतापनि यसले स्रष्टा-सर्जकलाई धेरै अधिकार प्रदान गरेको । हाल रचना दर्ता व्यवस्थापन सम्बन्धी सफ्टवेयर निर्माण कार्य अन्तिम चरणमा पुगेको हुँदा सबै स्रष्टा-सर्जकले आफ्नो रचना घरमै बसी अनलाईनबाट दर्ता गर्न सक्ने व्यवस्था छिट्टै कार्यान्वयनमा आउने विश्वास गर्न सकिन्छ ।

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्यिक तथा कलात्मक रचना, ध्वनिअंङ्कन, प्रस्तुति र प्रसारण रचनामा रचनाकारको हक संरक्षण हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको हुँदा रचनाको प्रयोग गर्दा निम्नानुसारका बिषयमा सतर्कता अपनाउनु हुन अनुरोध छ ।

- कसैले तयार गरेको साङ्गीतिक रचनामा अनुमति नलिई तोडमोड वा रिमिक्स गर्नु हुदैन ।
- चलचित्रको पूरै वा आंशिक अंश चलचित्रको उत्पादकको अनुमति नलिई पुनरुत्पादन गर्नु हुदैन ।
- फोटोजन्य रचनाको प्रयोग गर्दा फोटोग्राफरको अनुमति लिनु पर्दछ ।
- पुस्तक, लेख वा अन्य रचनाको पूरै वा कुनै अंशको प्रयोग गर्दा वा त्यस्ता रचनाको फोटोकपी गरी व्यापार गर्दा लेखक तथा प्रकाशकको अनुमति लिनु पर्दछ ।
- प्रसारण संस्था आँफैले तयार गरी प्रसारण गरेको सामग्री अरुले आफ्नो सामग्री बनाई प्रसारण गर्नु हुँदैन ।

अनुमति बिना यस्ता कार्यहरु गर्नु दण्डनीय अपराध भएको हुँदा अधिकार धनीको अनुमति लिएर मात्र रचनाको प्रयोग गर्नु गराउनु हुन अनुरोध छ ।

**Nepal Copyright Registrar's Office**

Narayanhiti, Kathmandu, Nepal

Tel : 977-1-4539305, 4539309

E-Mail: info@nepalcopyright.gov.np

Web Page: www.nepalcopyright.gov.np

डिजाइन तथा कम्प्युटर - स्वेतकालि छापाखाना